**आकाशवाणी समाचार- नेपाली**

मितिः २२ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. राष्ट्रपति द्रौपदी मुर्मू ले मानिसहरुलाई संकल्पको दियो जलाएर देशलाई निरंतर विकासको पथमा अघि लाने संकल्प लिने आग्रह गर्नुभयो।
२. प्रधानमंत्री नरेन्द्र मोदीले समावेशी समाज बनाउने सबै भन्दा ठुलो साधन लोकतंत्र रहेको बताउनु भएको छ।
३. पाकिस्तानमा हिज खैबर पख्तूनख्वा प्रांतको कुर्रम जिल्लामा बंदूकधारिहरु द्वारा यात्री वाहनमा गरिएको गोलीबारीमा मरने हरुको संख्या बढेर 45 पुगेको छ
४. भारतीय रिजर्व बैंक अनि मालदीव मौद्रिक प्राधिकरण-एमएमए ले हिज मुंबईमा एक समझौता ज्ञापनमा हस्ताक्षर गरेको छ।
५. भारत अनि ऑस्ट्रेलिया बीच बॉर्डर-गावस्कर ट्रॉफीको पहिलो क्रिकेट टेस्ट मैच आज बाट पर्थमा शुरु हुनेछ।

## राष्ट्रपति-हैदराबाद

राष्ट्रपति द्रौपदी मुर्मू ले मानिसहरुलाई संकल्पको दियो जलाएर देशलाई निरंतर विकासको पथमा अघि लाने संकल्प लिने आग्रह गर्नुभयो। राष्ट्रपति मुर्मू ले आफ्नु दुई दिवसीय यात्रा अवधि हैदराबादमा **कोटि दीपोत्सवम** मा एक सभालाई संबोधित गर्नुहुदै मानिसहरुलाई सत्य अनि धर्मको मार्गमा हिड्ने अनि वंचितहरुको कल्याणका लागी काम गर्ने संकल्प लिने आह्वान गर्नुम्भायो। उहाँले दियो जलाउन अंधकार बाट प्रकाश तर्फ अनि अज्ञान बाट ज्ञान तर्फा बढ़ने प्रतीक हो भनि भन्नुभयो। राष्ट्रपतिले देश समग्र अनि समावेशी विकासको लक्ष्यका साथ अघि बढी रहेको बताउनुभयो । यस भन्दा अघि, राष्ट्रपति मुर्मू लाई हैदराबादको बेगमपेट विमान स्थलमा मुख्यमंत्री ए. रेवंत रेड्डी, केंद्रीय कोयला मंत्री जी. किशन रेड्डी अनि अन्य गणमान्य व्यक्तिहरुले स्वागत गरे ।राष्ट्रपति मुर्मूले आज विहान अंतर्राष्ट्रीय सांस्कृतिक महोत्सव लोक मंथनको चौथो संस्करणको शुभारंभ गर्नुहनेछ।

****** ० ******

## प्रधानमंत्री गयाना संसद

प्रधानमंत्री नरेन्द्र मोदीले समावेशी समाज बनाउने सबै भन्दा ठुलो साधन लोकतंत्र रहेको बताउनु भएको छ। गयानाको संसदको राष्ट्रीय असेंबलीको विशेष सत्रमा उहाँले भन्नु भयो विश्व **लोकतंत्र प्रथम, मानवता प्रथम** को सिद्धांतमा अमल गरेर मात्र अघि बढ्न सक्छ । उहाँले लोकतंत्र हाम्रो अंतस, हाम्रो दृष्टिकोण अनि हाम्रो आचरणमा छ भनि भन्नुभयो।

(BYTE)

प्रधानमंत्री मोदीले आतंकवाद, ड्रग तस्करी अनि साइबर अपराध सहित विभिन्न वैश्विक चुनौति माथि चर्चा गर्नुभयो। उहाँले भावी पीढिको राम्रो भविष्य बनाउनका लागी यी चुनौतिहरु संग लड्न जरुरि रहेको बताउनु भयो । श्री मोदीले भारत **मानवता प्रथम** को पक्षधर रहेको अनि भारतले ग्लोबल साउथका यो मुद्द प्रतेक पल्ट उठिरहने बताउनु भयो ।

****** ० ******

## प्रधानमन्त्री-गान्धीको प्रतिमा

प्रधानमन्त्री नरेन्द्र मोदीले गुयानाको जर्जटाउनमा रहेको महात्मा गान्धीको प्रतिमामा पुष्पहार अर्पण गर्नु भएको छ । बापूको शान्ति र अहिंसाका शाश्वत मूल्यमान्यतालाई स्मरण गर्दै उहाँले यी मूल्यमान्यताले मानवताको मार्गदर्शन गरिरहेको बताउनुभयो । यो मूर्ति गान्धीजीको १००औँ जन्मजयन्तीको सम्झनामा सन् १९६९ मा जर्जटाउनमा स्थापना गरिएको थियो। प्रधानमन्त्रीले आर्यसमाज स्मारकमा पुष्पहार अर्पण गर्नु भएको थियो । गुयानामा आर्य समाज आन्दोलनको एक सय वर्ष पुगेको अवसरमा यो स्मारक २०११ मा अनावरण गरिएको थियो। प्रधानमन्त्रीले जर्जटाउनको मेमोरियल गार्डेनमा रहेको भारतीय आगमन स्मारकको पनि भ्रमण गर्नुभयो।

****** ० ******

## विदेश मन्त्रालय ब्रीफिंग-गुयाना

विदेश मन्त्रालयका पूर्वसचिव जयदीप मजुमदारले ५६ वर्षपछि भारतीय प्रधानमन्त्रीले गुयानाको भ्रमण गरेकोले यो भ्रमण निकै महत्वपूर्ण भएको बताउनुभएको छ । आज जर्जटाउनमा मिडियासँग कुरा गर्दै, श्री मजुमदारले भारत-गुयाना सम्बन्धको बढ्दो महत्त्वलाई प्रकाश पार्दै, विगत डेढ वर्षमा भएका धेरै उच्चस्तरीय बैठकहरूको उल्लेख गर्नुभयो। उहाले प्रधानमन्त्री मोदीको वर्तमान भ्रमणले दुई देशबीचको सम्बन्धलाई फराकिलो र गहिरो बनाउन मञ्च प्रदान गर्ने बताउनुभयो । प्रधानमन्त्री मोदी र गुयानाका राष्ट्रपति डा इरफान अलीले भारत-गुयाना सम्बन्धमा विस्तृत रूपमा छलफल गर्नुभयो। दुई देशबीच हाइड्रोकार्बन, ऊर्जा, स्वास्थ्य तथा औषधि, कृषि, डिजिटल सहयोग, संस्कृति र रक्षा तथा सुरक्षा अध्ययनलगायतका १० सम्झौतामा हस्ताक्षर भएको छ । श्री मजुमदारले यो पनि उल्लेख गर्नुभयो कि भारत-कैरिकाम शिखर सम्मेलन अवधि कैरिकाम देशका नेताहरूले COVID-19 महामारीको चरम समयमा भारतको सहयोगको लागि प्रशंसा गरे। भारतले भ्याक्सिन उपलब्ध गराउनुका साथै अन्य चिकित्सा सहायता पनि उपलब्ध गराएको थियो । प्रधानमन्त्री मोदीको पहलले प्रत्यक्ष रूपमा उनीहरूको देशको आवश्यकतालाई सम्बोधन गरेको पनि कैरिकाम नेताहरूले बताउनुभयो ।

****** ० ******

## शेखावत युवा पुरस्कार

संस्कृति अनि पर्यटन मंत्री गजेंद्र सिंह शेखावतले आज नयाँ दिल्लीमा वर्ष 2022 अनि 2023 का लागी **उस्ताद बिस्मिल्लाह खां युवा पुरस्कार** प्रदान गर्नुहुनेछ। यो पुरस्कार कुल 82 युवा कलाकारहरुलाई प्रदान गरिनेछ । संगीत नाटक अकादमी ले वर्ष 2006 मा 40 वर्ष सम्मका युवा कलाकारहरुका लागी यस पुरस्कारको शुरुआत गरेको थियो। यो पुरस्कार संगीत, नृत्य, नाटक, लोक अनि आदिवासी कला तथा कठपुतली कलाका क्षेत्रमा प्रतिवर्ष प्रदान गरिन्छ। पुरस्कार स्वरूप 25 हजार रुपियाँ नकद, स्मृति-चिह्न अनि अंगवस्त्र प्रदान गरिन्छ।

****** ० ******

## खैबर पख्तूनख्वा-गोलीबारी

पाकिस्तानमा हिज खैबर पख्तूनख्वा प्रांतको कुर्रम जिल्लामा बंदूकधारिहरु द्वारा यात्री वाहनमा गरिएको गोलीबारीमा मरने हरुको संख्या बढेर 45 पुगेको छ भने 20 जना घाइते भएका छन् । यो जिल्ला अफगानिस्तानको सीमामा स्थित छ।पाकिस्तानका गृह मंत्री मोहसिन नकवीले हताहत भएको संख्याको पुष्टि गरेका छन्। जिला पुलिस अनि अस्पतालका अधिकारिहरुले बताए अनुसार पीड़ितहरुमा सुरक्षाकर्मी, महिला अनि नानीहरु शामिल छन्। उनिहरुले मर्नेहरुको संख्या बढ्न सक्ने चेतावनी दिएका छन् ।पुलिसले आक्रमणकारीहरुको पत्ता लगाउनका लागी अभियान शुरू गरेको छ तर अहिले सम्म कुनै पनि समूहले हमलाको जिम्मेदारी लिएको छैन ।

****** ० ******

## रूस-यूक्रेन युद्ध

रूसी राष्ट्रपति व्लादिमीर पुतिनले रूस ले एक नयाँ मध्यम दूरी को बैलिस्टिक मिसाइल द्वारा यूक्रेनी शहरमा हमला गरेको पुष्टि गर्नुभएको छ।राष्ट्र को नाम एक आश्चर्यजनक संबोधनमा श्री पुतिनले मॉस्को ले 2.5 देखि 3 किमी प्रति सेकंडको गतिले लक्ष्यमा हमला गर्न सक्षम मिसाइलको प्रयोग गरेको बताउनुभएको छ । यो स्पष्टीकरणले यूक्रेनले

पहिला गरेको दावीको खंडन गर्दाछ, जसमा रूस माथि हमलामा अंतरमहाद्वीपीय बैलिस्टिक मिसाइलको प्रयोग गरेको आरोप लागेको थोयो।राष्ट्रपति पुतिनले यो हमला यूक्रेन द्वारा रूसी क्षेत्रलाई निशाना बनाउनका लागी अमरीका, ब्रिटेन अनि फ्रांस द्वारा आपूर्ति गरिएको लामो दूरीको मिसाइलको प्रयोग पछि गरिएको बताउनु भयो । हमलामा भएको छत्तीको जानकारी अहिले सम्म स्पष्ट भएको छैन। यस बीच पेंटागनको उप प्रेस सचिव सबरीना सिंहले पनि पुष्टि गरेका छन् कि रूसको मिसाइल एक नयाँ प्रयोगात्मक प्रकारको मध्यम दूरीको मिसाइल थियो।

****** ० ******

**भारतीय रिजर्व बैंक-मालदीव मौद्रिक**

भारतीय रिजर्व बैंक अनि मालदीव मौद्रिक प्राधिकरण-एमएमए ले हिज मुंबईमा एक समझौता ज्ञापनमा हस्ताक्षर गरेको छ। यसको उद्देश्य सीमा पारी लेनदेनमा स्थानीय मुद्राहरुको उपयोगलाई बढ़ावा दिनका लागी एक रूपरेखा स्थापित गर्न हो। समझौता ज्ञापनमा रिजर्व बैंकका गवर्नर शक्तिकांत दास अनि एमएमएक गवर्नर अहमद मुनव्वर ले हस्ताक्षर गर्नुभयो ।यो समझौता ज्ञापन चालू खाता लेनदेन, स्वीकार्य पूंजी खाता लेनदेन अनि दुवै देश द्वारा सहमत कुनै पनि अन्य आर्थिक या वित्तीय लेनदेनमा भारतीय रुपया अनि मालदीवियन रूपीयाको उपयोगलाई प्रोत्साहित गर्नेछ । यो रूपरेखा निर्यातकहरु अनि आयातकहरुलाई को आफ्नु-आफ्नु घरेलू मुद्राहरुमा भुगतानको चालान अनि निपटान गर्न अनुमति दिनेछ। यसबाट विदेशी मुद्रा बाजारमा दुवै मुद्रहरु द्वारा व्यापारको विकासमा सुविधा हुनेछ । द्विपक्षीय लेन-देन मा स्थानीय मुद्राहरुको उपयोगले केवल भारत अनि मालदीव बीचको व्यापारलाई बढ़ावा मात्र नभएर दुवै देश बीच आर्थिक संबंध पनि मजबूत हुन्छ।

****** ० ******

**EPFO - सदस्य**

यस वर्षको सितम्बर महिनामा कर्मचारी सञ्चय कोष सङ्गठनमा १८ लाख ८१ हजार नयाँ सदस्यहरु सामेल भएका छन् । जसमध्ये ५९ प्रतिशत भागेदारी १८ देखि २५ वर्ष उमेर समूहका व्यक्तिको रहेको छ । श्रम तथा रोजगार मन्त्रालयका अनुसार बढ्दो रोजगारीको अवसर, कर्मचारीलाई उपलब्ध हुने सुविधाका बारेमा सचेतना र संस्थाको प्रभावकारी पहलका कारण सदस्यता वृद्धि भएको हो । अस्थायी पे-रोल डेटा अनुसार वित्तीय वर्षको सितम्बर महिनामा नौ लाख ४७ हजार नयाँ सदस्य दर्ता भएका छन् । जसमध्ये १८ देखि २५ वर्ष उमेर समूहका सदस्य संख्या कुल सदस्यको ५९ प्रतिशतभन्दा बढी छ ।

****** ० ******

**भाजपा बैठक**

भारतीय जनता पार्टीका अध्यक्ष जगतप्रकाश नड्डाले हिजो नयाँ दिल्लीमा पार्टीका राष्ट्रिय महासचिवहरूसँग भेट गर्नु भएको छ | बैठकमा पार्टीका महासचिव बी.एल. सन्तोष, अरुण सिंह, तरुण चुघ, दुष्यन्त गौतम र विनोद तावडे उपस्थित

****** ० ******

**क्रिकेट- भारत-अष्ट्रेलिया**

भारत र अस्ट्रेलियाबीचको बोर्डर–गावस्कर ट्रफीको पहिलो टेस्ट क्रिकेट आजदेखि पर्थमा सुरु हुँदैछ । यो खेल भारतीय समय अनुसार बिहान ७.५० बजे सुरु हुनेछ । अष्ट्रेलिया भ्रमणका क्रममा भारतीय टोलीले पाँच टेस्ट खेल्नेछ । कप्तान रोहित शर्माले व्यक्तिगत कारणले पहिलो टेस्ट खेल्ने छैनन् । उनको स्थानमा जसप्रित बुमराहले कप्तानी गर्नेछन् । शुभमन गिल पनि चोटका कारण यो खेल खेलिरहेका छैनन् ।

****** ० ******

**जनजाति गौरव पखवाडा**

भगवान बिरसा मुण्डको विरासतको सम्झनामा देशभरका शैक्षिक संस्थामा **जनजाति गौरव पखवाडा** मनाइँदैछ । भारतको समृद्ध जनजाति सम्पदा र जनजाति समुदायको योगदानलाई सम्मान गर्न यो पर्व देशभर मनाइँदैछ। सरकारले आदिवासी समुदायको विकास र उत्थानका लागि विभिन्न योजना ल्याएको छ ।

****** ० ******